# उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७७

नेपाल सरकार

गृह मन्त्रालय

सिंहदरबार, काठमाडौं।

# उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७७

<u>प्रस्तावना:</u> जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन र हिंसात्मक आक्रमणमा परी गम्भिर घाइते भएका विरामीलाई उपचार खर्च, मृत्यु भएका व्यक्तिका परिवारलाई राहत र आर्थिक रूपले विपन्न व्यक्तिलाई नेपाल सरकारको तर्फबाट प्रदान गरिने आर्थिक सहायता उपलब्ध गराउने प्रक्रियालाई सरल, स्पष्ट र पारदर्शी बनाई उपचार खर्च, राहत तथा आर्थिक सहायता वितरणमा एकरूपता कायम गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, गृह मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम "उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार गृह मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आर्थिक सहायता" भन्नाले नेपाल सरकारको तर्फबाट प्रदान गरिने आर्थिक सहायता रकमलाई सम्झनु पर्छ।

(ख) "उपचार खर्च" भन्नाले जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन, हिंसात्मक आक्रमणमा परी गम्भिर घाइते भएका व्यक्तिलाई अस्पतालमा उपचार गराउँन ल्याउँदा, उपचार गराउँदा लागेको खर्च र कुरुवा खर्च समेत सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ ।

(घ) "राहत" भन्नाले जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन र हिंसात्मक आक्रमणमा परी मृत्यू भएका व्यक्तिका परिवारलाई नेपाल सरकारको तर्फबाट प्रदान गरिने आर्थिक सहयोग रकमलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस मापदण्डको दफा ६ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## उपचार खर्च, राहत तथा आर्थिक सहायता माग

३. **उपचार खर्च तथा राहत प्राप्त गर्न सक्ने:** देहायको अवस्थामा गम्भिर घाइते वा मृतकका परिवारलाई घटनाको संवेदनशीलतालाई विचार गरी उपयुक्त उपचार खर्च वा राहत उपलब्ध गराउन सक्नेछः-

(क) कुनै जघन्य आपराधिक घटनामा परी मृत्यु भएको वा गम्भिर घाइते हुनेगरी घटना घटेको भएमा,

(ख) सुरक्षा निकायबाट शान्ति सुरक्षा कायम गर्ने वा कानूनको पालना गर्ने/गराउने क्रममा भएको घटनामा परी मृत्यु भएको वा गम्भिर घाइते भएको अवस्था भएमा,

(ग) कुनै विष्फोटनमा परी मृत्यु भएको वा गम्भिर घाइते भएको अवस्था भएमा,

(घ) कानूनी कारबाहीको सिलसिलामा प्रहरी हिरासतमा रहेको अवस्थामा विभिन्न कारणले उपचार पाउन नसकी मृत्यु भएमा,

(ङ) कुनै घटनामा परी मृत्यु वा घाइते भएकोमा मृतकका परिवारलाई राहत वा घाइतेलाई उपचार खर्च उपलब्ध गराउन नसक्दा उक्त घटनाको कारण थप जनधनको क्षति हुन सक्ने वा शान्ति सुरक्षामा थप जोखिमको आंकलन तथा विश्लेषणको आधारमा समितिको ठहर सहित राहत वा उपचार खर्चको सिफारिस प्राप्त भएमा, र

(च) कुनै घटनाका पिडित वा घाइतेलाई नेपाल सरकारले यथोचित उपचार खर्च, राहत वा आर्थिक सहायता उपलब्ध गराउन मनासिव ठहऱ्याएमा

४. **उपचार खर्च तथा राहत माग गर्ने विधि :** (१) जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन र हिंसात्मक आक्रमण वा घटनामा परी मृत्यू भएका व्यक्तिका परिवारको लागि राहत र गम्भिर घाइते व्यक्तिलाई उपचार खर्च सम्बन्धमा घटना घटेको तीस दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम घाइते व्यक्तिको उपचार सरकारी अस्पतालमा गर्नु पर्नेछ । सरकारी अस्पतालमा उपचार गर्न सम्भव नभएको अवस्थामा मन्त्रालयको स्वीकृतिमा निजी अस्पतालमा उपचार गराउन सकिनेछ ।

(३) उपदफा (१) वमोजिम पर्न आएको निवेदनका सम्बन्धमा छानविन गरी के कति उपचार खर्च वा राहत उपलव्ध गराउनु पर्ने हो सो भुक्तानीका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(४) उपचार खर्च वा राहत सिफारिस गर्दा सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, सम्बन्धित निकाय वा अन्य कुनै संघ/संस्थाबाट राहत वा उपचार खर्च पाए/नपाएको वा पाउने निर्णय भए/नभएको खुलाई सिफारिस गर्नु पर्नेछ।

(५) यस मापदण्ड बमोजिमका घटनाका पिडितले कानून बमोजिम कुनै क्षतिपूर्ति वा बीमा वापत राहत वा उपचार खर्च पाएको वा पाउने अवस्था भएमा यस मापदण्ड बमोजिम उपचार खर्च वा राहत रकम दिन सिफारिस गरिने छैन ।

५. <u>आर्थिक सहायता उपलब्ध गराउन सक्ने:</u> राष्ट्रिय जीवनमा योगदान पुर्याएका तर आर्थिक अवस्था कमजोर भई उपचार खर्च जुटाउन नसक्ने वा दैनिक जीवन यापन गर्न कठिनाई भोगिरहेका विपन्न नागरिक मध्येबाट नेपाल सरकारले आर्थिक सहायता दिन मनासिव ठहर्याएका व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-३
## उपचार खर्च तथा राहत सिफारिस

६. <u>समितिः</u> (१) उपचार खर्च, राहत तथा आर्थिक सहायताको लागि सिफारिस गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिम एक सिफारिस समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) प्रमुख, जिल्ला स्थित नेपाली सेनाको गण/गुल्म -सदस्य
(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य
(घ) प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी वल नेपालको गण/गुल्म -सदस्य
(ङ) प्रमुख, जिल्ला स्थित सरकारी अस्पताल -सदस्य
(च) सम्बन्धित स्थानीय तहको प्रतिनिधि -सदस्य
(छ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन, दुर्घटना सँग सम्बन्धित व्यक्ति वा त्यस्तो घटना देखेका, भोगेका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जघन्य प्रकृतिका आपराधिक घटना, विष्फोटन, दुर्घटना वा कुनै घटनाका सम्बन्धमा छानवीन, अध्ययन तथा विश्लेषण गर्ने,

(ख) घटनामा परी मृत्यू भएका व्यक्तिका परिवार वा गम्भिर घाइते भएका विरामीको लागि उपचार खर्च वा राहत उपलब्ध गराउनु पर्ने हो/होइन उपलब्ध गराउनु पर्ने भए के कति रकम उपलब्ध गराउनु मनासिब हुने हो यकीन गरी सिफारिस गर्ने,

(ग) उपचार खर्च वा राहतको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्ने भएमा पुष्ट्याई सहित मन्त्रालय समक्ष सिफारिस गर्ने ।

७. उपचार खर्च तथा राहत सिफारिसको सीमा: घटनाको गाम्भीर्यता एवं पीडित परिवारको आर्थिक अवस्था समेत हेरी समितिले बिल भरपाई बमोजिमको उपचार खर्च बढीमा रु. १०,००,०००।- (अक्षेरुपी दश लाख) सम्म सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-४
## उपचार खर्च राहत वा आर्थिक सहायता सम्बन्धी निर्णय र भुक्तानीको प्रक्रिया

८. अर्थ मन्त्रालयबाट सहमति प्राप्त गर्ने: (१)उपचार, राहत तथा आर्थिक सहायता उपलब्ध गराउन समितिबाट सिफारिस प्राप्त भएपछि मन्त्रालयले अध्ययन गरी सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउनेछ ।

(२) अर्थ मन्त्रालयबाट सहमति प्राप्त भए पछि मन्त्रालयले उपचार खर्च, राहत वा आर्थिक सहायताका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्नेछ ।

(३) नेपाल सरकार मन्त्रिपरिषदबाट राहत, उपचार खर्च वा आर्थिक सहायता सम्बन्धी प्रस्ताव स्वीकृत भए पछि मन्त्रालयले अर्थ मन्त्रालयबाट निकासा प्राप्त गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत् पीडित परिवारलाई उपचार खर्च, राहत वा आर्थिक सहायता उपलव्ध गराउनु पर्नेछ।

(४) उपचार खर्च, राहत वा आर्थिक सहायता सम्बन्धित व्यक्तिले भुक्तानी पाए पछि मन्त्रालयले सो को विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ५

## विविध

९. **दोहोरो सुविधा प्रदान नगरिने:** (१) स्थानीय तह वा प्रदेश सरकारबाट उपचार खर्च, राहत वा आर्थिक सहायता पाइसकेको भए दोहोरो पर्ने गरी नेपाल सरकारबाट त्यस्तो सुविधा प्रदान गरिने छैन।

(२) एकपटक आर्थिक सहायता पाइसकेको व्यक्तिलाई पुनः प्रदान गर्ने गरी सिफारिस गरिने छैन।

(३) मृतकको परिवारलाई उपलव्ध गराउने राहत रकम प्रचलित कानून बमोजिम नजिकको हकवालालाई प्रदान गरिनेछ।

१०. **संशोधन सम्वन्धी व्यवस्था:** यस मापदण्डमा उल्लेखित व्यवस्था थपघट वा संशोधन गर्ने अधिकार मन्त्रालयमा हुनेछ।

११. **मापदण्ड बमोजिम हुने:** यस मापदण्डमा उल्लेख भएका विषयको सम्बन्धमा यसै मापदण्ड बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।